प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन इकाई, सन्धिखर्क, अर्घाखाँची

नेपाल सरकार
कृषि तथा पशुपंक्षी मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
तरकारी / बाख्रा जोन सन्धिखर्क,अर्घाखाँची

## कार्यक्रम माग तथा संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धि सुचना

(प्रथम पटक सुचना प्रकाशित मितिः २०७७/०६/११ गते)

आ.व. २०७७/७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, अर्घाखाँची अन्तर्गत तपसिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले **२५ औ दिन (मिति २०७७/०७/०५) गते**) भित्र यस परियोजना कार्यान्वयन इकाई कार्यालयमा वा सितगंगा नगरपालिकको पशुसेवा शाखा स्थित सम्पर्क कार्यालयमा तोकिएको ढाँचा अनुसार आवेदन प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीका लागि परियोजना कार्यान्वयन इकाई कार्यालय, सन्धिखर्कमा सम्पर्क गर्न सकिनेछ।

**क) जोन/सुपरजोनका कार्यक्षेत्रहरुः**

**तरकारी जोन क्षेत्रहरुः** सन्धिखर्क नपा (वडा नं १ देखि १२ सम्म), छत्रदेव गापा (वडा नं १ देखि ८ सम्म) र मालारानी गापा(वडा नं ५)।

**बाख्रा जोन क्षेत्रहरुः** सन्धिखर्क नपा (वडा नं ९ र ११), भुमिकास्थान नपा (सबै वडा), सितगंगा नपा (वडा नं १ र ४ देखि १४ सम्म) र मालारानी गापा (वडा नं ५) ।

**कफि जोन क्षेत्रहरुः** सबै स्थानिय तह अन्तर्गतका भौगोलिक रुपमा उपयूक्त स्थानहरु ।

**ख) कार्यक्रमहरुः**

| क्रसं | कार्यक्रम | लक्ष्य | अधिकतम साझेदारी रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय तहको लागत सहभागितामा वीउ श्रोत केन्द्र स्थापना (अन्य सार्वजनिक निर्माण | १ वटा | ८५% वा बढीमा ३० लाख | ▪ साझेदारीमा बीउ प्रशोधन/भण्डारण गृह निर्माण (कुल लागतको कम्तिमा १५% लाभग्राहीको लागत सहभागिता रहनुपर्ने र स्थानीय तहको समेत लागत सहभागिता रहनुपर्ने)।<br>▪ स्थानीय तहले लागत सहभागिता गर्ने पर्ने हुँदा रकम खुलाई लागत सहभागिताको सुनिश्चितता सहित प्रतिवद्धता पत्र सहित कृषक समूह, कृषि सहकारी, जलउपभोक्ता समूह, कृषक उद्यमी, कृषि फर्म तथा कम्पनीहरुले पेश गर्नु पर्ने।<br>▪ जग्गाको स्वामित्व खुल्ने प्रमाणपूर्जाको प्रतिलिपी । |
| २ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण (कृषि विकास कार्यक्रम) | २ वटा | ५०% वा १५ लाख (प्रति योजना बढीमा ७.५ लाख) | ▪ स्थानिय तहको समन्वयमा गर्नुपर्ने भएकोले लागत सहभागिता गर्ने हुँदा रकम खुलाई लागत सहभागिता सुनिस्चितताको प्रतिवद्धता पत्र सहित कृषक समूह, कृषि सहकारी, जलउपभोक्ता समूह, कृषक उद्यमी, कृषि फर्म तथा कम्पनीहरुले पेश गर्नु पर्ने।<br>▪ नर्सरीको लागि आवश्यक औजार उपकरण र सामाग्रीहरुको ब्यवस्थापन गर्ने।<br>▪ नर्सरी स्थापना गरी गुणस्तरीय विरुवा उत्पादन तथा विक्री वितरण गर्ने।<br>▪ जग्गाको स्वामित्व खुल्ने प्रमाणपूर्जाको प्रतिलिपी । |
| ३ | स्थानीय तहसँगको समन्वयमा पशु नश्ल श्रोत केन्द्र स्थापना/सुदृढीकरण (कृषि विकास कार्यक्रम) | ५ वटा | ५०% वा ३० लाख (प्रति योजना बढीमा ६ लाख) | ▪ स्थानिय तहको समन्वयमा गर्नुपर्ने भएकोले लागत सहभागिता गर्ने हुँदा रकम खुलाई लागत सहभागिता सुनिस्चितताको प्रतिवद्धता पत्र सहित पशुपालक समूह, पशु/कृषि सहकारी, जलउपभोक्ता समूह, कृषक उद्यमी, फर्म तथा कम्पनीहरुले पेश गर्नु पर्ने।<br>▪ पशु नश्ल स्रोत केन्द्रको लागि आवश्यक खोर, औजार उपकरण र सामाग्रीहरुको ब्यवस्थापन गर्ने।<br>▪ गुणस्तरीय अनुवांशिक स्रोत ब्यवस्थापन तथा सेवा प्रदान गर्ने ।<br>▪ जग्गाको स्वामित्व खुल्ने प्रमाणपूर्जाको प्रतिलिपी । |

घनश्याम चौधरी
वरिष्ठ कृषि अधिकृत

| क्रसं | कार्यक्रम | लक्ष्य | अधिकतम साझेदारी रकम रु | कैफियत |
|---|---|---|---|---|
| ४ | प्रविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान (अन्य) | १ योजना | ५०% वा बढीमा १० लाख | ▪ कार्यक्रम संचालन गर्न सकिने ब्यवसायीक क्षेत्रहरु (परियोजना कार्यान्वयन म्यानुअल २०७७ को परिच्छेद ५ को ५.१.३ मा तोकीएका बाली वस्तु) ।<br>▪ कम्तिमा २५ प्रतिशत लगानी गर्ने शिक्षालयको प्रतिवद्धता।<br>▪ ब्यवसायिक कृषि उत्पादनको लागि जग्गाको न्यूनतम क्षेत्रफल उपलब्ध भएको।<br>▪ जग्गा आफ्नै स्वामित्वमा भएको वा कम्तिमा ५ वर्षको करार सम्झौता भएको।<br>▪ विद्यार्थीको प्रतिवद्धता र सहभागी हुने विद्यार्थी संख्या। |
| ५ | कृषि बजार, भण्डारण पुर्वाधार, प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना (अन्य सार्वजनिक निर्माण) | १ वटा | ८५% वा बढीमा २० लाख | ▪ सामुहिक प्रयोजनको लागि समूह, सहकारी, समितिले पेश गर्नुपर्ने ।<br>▪ प्रशोधन, भण्डारण सम्बन्धित मेशिनरी तथा निर्माण र ग्रेडिङ-प्याकिङ सामग्री आदी ।<br>▪ सम्बन्धित स्थानिय तहको उक्त उद्योग संचालनमा सहयोग गर्ने प्रतिवद्धता पत्र ।<br>▪ जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी । |
| ६ | सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग (कृषि -खेतीको साथै सिंचाई प्रयोजन र पशु चिकित्सा सम्बन्धी उपकरण तथा मेशीन औजार) | १ वटा | ५०% वा बढीमा 12 लाख | ▪ सहकारी संजाल वा संजालको सहमतिमा सहकारी मार्फत तरकारी तथा अन्य कृषि उपजको बजारीकरण गर्नु पर्ने ।<br>▪ बजार सेड निर्माण, पैँचो पसल, थोक बजार संचालन, तौल मेसिन, मुल्य सुचना, ढुवानी साधन सहितको ब्यवस्था ।<br>▪ जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी । |
| ७ | चक्लावन्दीमा पकेट/ब्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन, सम्भाव्यता अध्ययन र कार्यान्वयनमा सयोग (अन्य) | ६ योजना | ५०% वा ६० लाख (बढीमा १० लाख प्रति योजना) | ▪ जग्गाको एकीकरण गरी चक्लाबन्दी कार्यक्रम सञ्चालन भएमा सबै प्रकारको बालीमा परियोजनाबाट सहयोग गरिने तर एकल बालीको खेती मार्फत चक्लाबन्दी भएमा बीउ उत्पादन, बहु वर्षीय बाली तथा नगदे बालीमा मात्र सहयोग गरिने।<br>▪ उपलब्ध सुविधाहरुः कृषि पूर्वाधार निर्माण, बीउ, विषादी, सुक्ष्म तत्व, कृषि औजार, प्राविधिक सेवा टेवा उपलब्ध गराउने, बजारीकरणमा सहयोग पुर्‍याउने, बाली बीमा सहजिकरण आदि ।<br>▪ जग्गाधनी पूर्जाको प्रतिलिपी । न्यूनतम तोकिएको क्षेत्रफल तालिकामा दिएको छ।<br>▪ जग्गा आफ्नै स्वामित्वको भएको वा कम्तिमा ५ देखि १० वर्षको करार सम्झौता भएको ।<br>▪ स्थानिय तह वा वडाको सिफारिस तथा संचालनमा समन्वय गर्ने प्रतिवद्धता पत्र । |
| ८ | गत बर्ष विस्तार भएका क्षेत्र र नया विस्तार हुने क्षेत्रमा सिंचाइ पुर्वाधार निर्माण (सिंचाइ प्रणालीको निर्माण) | २५ वटा | ८५% अनुदानमा (३७.५ लाख) | ▪ लागु भएको बाली क्षेत्र विस्तार र बाली सघनता बृद्धि सुनिस्चितता गर्नु पर्ने ।<br>▪ जग्गा धनिपूर्जाको प्रतिलिपी । |
| ९ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग (कृषि - खेतीको साथै सिंचाई प्रयोजन र पशु चिकित्सा सम्बन्धी उपकरण तथा मेशीन औजार) | १ पटक | ५०% अनुदानमा (२९ लाख) | ▪ जोन लागु भएका बालीमा आवस्यक मेसिनरी औजारहरुः पावरटिलर मिनिटिलर, पावर स्प्रेयर, इलेक्ट्रिक स्प्रेयर, तौल मेसिन, चाफ कटर, कफि पल्पर, लगाएत सहयोगी अन्य साना मेसिनरी औजार आदि । |
| १० | अस्थाइ प्लाष्टिक घर निर्माण (अन्य) | ६० वटा | ५०% वा बढीमा ३६ लाख (प्रति योजना ६० हजार) | ▪ तरकारी जोन क्षेत्र ।<br>▪ फलामे प्लष्टिकघर, प्लाष्टिक मल्च, ड्रीप आदी ।<br>▪ जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपी । |
| ११ | उन्नत प्रबिधिको बाख्रा खोर निर्माणका लागि अनुदान (पशुधन विकास खर्च) | १५० वटा | ५०% वा बढीमा ३७.५ लाख (प्रति योजना २५ हजार) | ▪ बाख्रा जोन क्षेत्र ।<br>▪ खोर, छानो, ढाँचा, फ्लोर आदी ।<br>▪ जग्गाधनि प्रमाणपुर्जाको प्रतिलिपी । |

३/१९

धनश्याम चौधरी
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपंक्षी मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
तरकारी / बाख्रा जोन सन्धिखर्क,अर्घाखाँची

| क्रसं | कार्यक्रम | लक्ष्य | अधिकतम साझेदारी रकम रु | कैफियत |
|---|---|---|---|---|
| १२ | लक्षित जोनमा पशु नश्ल सुधार तथा उत्पादन बृद्दि कार्यक्रम (अन्य) | ६० वटा | ५०% वा बढीमा २७ लाख (प्रति योजना ४५ हजार) | ▪ बाख्रा जोन क्षेत्र ।<br>▪ ब्यवसायीक बाख्रा पलन गर्न इच्छुक पशुपालक समूह, कृषि/पशुपालन सहकारी, जलउपभोक्ता समूह, पशुपालक उद्यमी, फर्म तथा कम्पनीहरुले पेश गर्नु पर्ने।<br>▪ उन्नत बोका, फिडर, डिपङ ट्याङ्क, औजार र बैज्ञानिक बाख्रा ब्यवस्थापनका उत्पादन सामग्री सहितको प्याकेजमा प्रस्ताव पेश गर्नु पर्ने।<br>▪ स्थान खुल्ने प्रमाण पेश गर्नु पर्ने । |
| १३ | तरकारी क्षेत्र विस्तार(कृषि विकास कार्यक्रम) | १०० हे. | ५०% वा बढीमा ३० लाख | ▪ तरकारी जोन क्षेत्रबाट ब्यवसायी क्षेत्रफलमा खेती गर्नु पर्ने (नयाँ क्षेत्रफल विस्तारमा प्राथमिकता)।<br>▪ ब्यवसायी तरकारी खेती क्षेत्र विस्तार गर्न इच्छुक कृषक समूह, कृषि सहकारी, जलउपभोक्ता समूह, कृषक उद्यमी, कृषि फर्म तथा कम्पनीहरुले पेश गर्नु पर्ने।<br>▪ प्लाष्टिक मल्च, नेटिङ, बीउ, शुक्ष्मतत्व, बाली बीमा, नविनतम प्रविधि प्रदर्शन अन्य उत्पादन सामग्रीमा सहयोग । |
| १४ | कफिको क्षेत्र विस्तार (कृषि विकास कार्यक्रम) | २५ हे. | ५०% वा बढीमा १२.५ लाख | ▪ १५० रोपनीको क्लष्टर विकास गर्न तिनवटा सहायक क्लष्टर बनाउने प्रस्ताव पेश गर्नु पर्ने।<br>▪ ब्यवसायिक बगैँचा बनाउन कफि विरुवाको माग गर्ने ।<br>▪ जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी । |

*नोटः प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअल २०७७, अनुसार अनुदान तथा प्रस्ताव छनोट कार्यान्वियन गरिनेछ। प्रस्ताव माग फाराम र कार्यलयको वेवसाइट www.piuarghakhanchi.pmapm.gov.np बाट डाउनलोड गर्न सकिनेछ।*

## ग) निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) माग निवेदन (रु. १० को टिकट)
(२) कार्यक्रम माग प्रस्ताव अनुमानित लागत इष्टमेट सहित
(३) दर्ता प्रमाणपत्र तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि
(४) समूह/संस्थाको निर्णयको प्रतिलिपि।
(५) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
(६) स्थायी लेखा नम्बर दर्ताको प्रतिलिपी।
(७) सहकारी, फर्म तथा कम्पनीको हकमा करचुक्ता प्रमाण र गत आ.व.कोअडिट प्रतिवेदन।
(८) निर्माण गरिने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात र भाडाको जग्गाको सम्झौतानामा।
(९) सम्बन्धित स्थानिय तह वा वडाको को सिफारिस पत्र।
(१०) प्रस्ताव फारामको ढाँचा तथा परियोजना कार्यान्वयन म्यानुअल २०७७ कार्यालयको वेवसाइट वा परियोजना कार्यालय वा सम्बन्धित पालकाबाट प्राप्त गर्न सकिन्छ ।

**निजी जग्गामा चक्लाबन्दीको किसिम र न्यूनतम क्षेत्रफल (परिच्छद ५ को ५.२.४ तालिका ९)**

| क्र.स. | किसिम | पहाडी भौगोलिक क्षेत्र (हेक्टर) |
|---|---|---|
| १ | कृषक व्यवस्थित कृषक खेती (Farmer Managed Farmer Farming) | ७ |
| २ | समुह/सहकारी व्यवस्थित कृषक खेती (Group/Cooperative Managed Farmer Farming) | १० |
| ३ | सहकारी व्यवस्थित सहकारी खेती (Cooperative Managed Cooperative Farming) | ७ |
| ४ | निजी फर्म व्यवस्थित कृषक खेती (Firm Managed Farmer Farmig) | ७ |
| ५ | निजी फर्म व्यवस्थित खेती (Firm Managed Farming) | ७ |

**थप जानकारीका लागिः**
परियोजना कार्यान्वयन इकाईको फोन नः ०७७ ४२०५३३
सुचना अधिकारी (९८४७१३९८५८),
वेवसाइटः www.piuarghakhanchi.pmamp.gov.np

नेपाल सरकार कृषि तथा पशुपंक्षी मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन इकाई तरकारी / बाख्रा जोन सन्धिखर्क,अर्घाखाँची

घनश्याम चौधरी
वरिष्ठ कृषि अधिकृत